ICRC

आईसीआरसी प्रेस विज्ञप्ति नं ०८/०६
अप्रिल ८, २००८

**संविधान सभा चुनाव अवधिमा पनि रेडकसले आकस्मिक सेवा निरन्तर उपलब्ध गराउने**

नेपाल रेडकस सोसाइटी (ने.रे.सो.) र रेडकसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) संविधानसभाको चुनाव अवधिमा पनि आवश्यकतानुसार आकस्मिक मानवीय सेवा निरन्तर प्रदान गर्न क्रियाशील रहनेछन् । निर्वाचन आयोगबाट आईसीआरसीले नेपाल रेडकस सोसाइटीलगायत अन्यसंस्थासँग मिलेर उद्धार एवं मानवीय सेवा प्रदान गर्न आफ्ना सवारी साधनलाई स्वतन्त्र आवत–जावत गर्न अनुमति प्राप्त गरेको छ । यसैगरी नेपाल रेडकसका जिल्ला शाखाले पनि स्थानीय प्रशासनबाट आवागमन अनुमति प्राप्त गरी मानवीय सेवा पुऱ्याउन पूर्वतयारी गरिरहेका छन् ।

नेपाल रेडकस सोसाइटी र आईसीआरसी घाइते व्यक्तिलाई प्राथमिक उपचार गर्न र अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याउनेलगायत कुनै पनि आकस्मिक मानवीय आवश्यकतामा सहयोग पुऱ्याउन क्रियाशील छन् । आईसीआरसी र नेपाल रेडक्रसले सहकार्य गरी प्राथमिक उपचारका लागि आकस्मिक सहायता टोलीहरू सदाझैं नियमित रूपमा परिचालन गर्नेछन् । यसका अतिरिक्त आईसीआरसीका टोलीहरू नेपाल रेडकसका जिल्लाशाखाहरूलाई सहयोग गर्न खटाइएका छन् ।

नेपाल रेडक्रस सोसाइटीका महामन्त्री र आईसीआरसीका नेपालस्थित प्रतिनिधि मण्डलका प्रमुखले संविधानसभा निर्वाचन अवधिमा रेडकसका गतिविधिहरू निर्वाधरूपमा सञ्चालन गर्नका लागि सम्बन्धित सबैसँग सहयोगका लागि अनुरोध गर्नुभएको छ ।


**थप जानकारीका लागि सम्पर्क :**
कृष्ण चालिसे, आईसीआरसी काठमाडौं (००९७७–१)४४८२२८५, मोबाइल ९८५१०००६०२
इन्द्र अधिकारी, ने.रे.सो. केन्द्रीय कार्यालय :९८५१०८६१९८